# छत्रदेव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

छत्रगञ्ज - अर्घाखाँची
५ नं. प्रदेश, नेपाल

## एकीकृत घुम्ती सेवा शिविर सञ्चालन सम्बन्धी

# सूचना !

जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीको आयोजना तथा छत्रदेव गाउँपालिकाको सहयोग समन्वयमा यही मिति २०७५/१२/२६ गते छत्रदेव गाउँपालिका वडा नं. ५ छत्रगञ्ज स्थित सार्वजनिक माध्यमिक विद्यालयको प्राङ्गणमा एक दिने एकीकृत घुम्ती सेवा शिविर सञ्चालन गरिने भएको हुँदा सम्बन्धित सबै सरोकारवालाहरुलाई यो सूचना प्रकाशन गरिएको छ । उक्त शिविरमा देहाय बमोजिमका सेवाहरु प्रदान गरिने व्यहोरा जानकारी गराईन्छ ।

| क्र.सं. | प्रदान गरिने सेवाहरु |
|---|---|
| १ | नेपाली नागरिकताको प्रमाण पत्र वितरण, |
| २ | फोटो सहितको मतदाता नामावली संकलन, |
| ३ | नि:शुल्क स्वास्थ्य परिक्षण तथा औषधी वितरण (वृहत स्वास्थ्य शिविर) |
| ४ | नि:शुल्क आँखा परिक्षण |
| ५ | नि:शुल्क आयुर्वेद स्वास्थ्य सेवा |
| ६ | पाठेघर खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर तथा फिस्टुलाको नि:शुल्क स्क्रिनिङ्ग तथा रिङ्ग पेशरी राख्ने सेवा |
| ७ | लागू औषध निषेध, मदिरा नियन्त्रण र लैङ्गिक हिंसा विरुद्ध सचेतना अभियान |
| ८ | माटो परिक्षण |
| ९ | मानव वन्यजन्तु द्वन्द्व र वन डढेलो न्यूनीकरणका लागि सचेतना अभियान सञ्चालन |

**जय छत्रदेव !**